बैठक संख्या: ५।२०८३-२०८४
बैठक मिति:२०८३।०५।१० विहान ७:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०५।१० गते बुधबार विहान ७:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री ~~निराजन ओझा~~ विरेन्द्र सिग्देल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | ~~श्री विरेन्द्र सिग्देल~~ | ~~लेखा अधिकृत~~ | |
| २ | श्री निराजन ओझा | कानून अधिकृत | |
| ३ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री सुमन पौडेल | राजश्व शाखा प्रमुख | |
| ५ | श्री प्रदिप काफ्ले | कानूनी सल्लाहकार | |
| ६ | | | |

बैठक संख्या: ५।२०८३-२०८४
बैठक मिति:२०८३।०५।१० विहान ७:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १: सहायक कम्प्युटर अपरेटर पदको परीक्षा तथा नतिजा प्रकाशन पछिको गुनासो/असहमति सम्बन्धमा।

२.प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१(क)**

नगरपालिकाको कार्यालयमा गरिएको तालाबन्दीका कारण कार्यालयको नियमित सेवा प्रवाहमा असर परेको हुँदा कार्यालयमा लगाइएको तालावन्दी खुलाउन तथा आवश्यक शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न सम्वन्धित प्रहरी प्रशासनसँग आवश्यक समन्वय तथा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं.१(ख)**

रामधुनी नगरपालिकामा करार सेवामा सहायक कम्प्युटर अपरेटर पदमा कर्मचारी नियुक्तिका लागि मिति २०८३/०४/०४ गते प्रकाशित विज्ञापनवमोजिम मिति २०८३/०५/०७ गते सञ्चालन भएको लिखित परीक्षा तथा उक्त परीक्षाबाट प्रकाशित नतिजाको सम्बन्धमा परीक्षार्थी तथा सरोकारवाला पक्षवाट विभिन्न प्रश्न, गुनासा तथा असन्तुष्टि व्यक्त भई उक्त परीक्षा तथा नतिजा विवादित बनेको अवस्थामा मिति २०८३/०५/०८ गते प्रकाशित सूचनामार्फत अन्तर्वार्तालगायत बाँकी प्रक्रिया स्थगित गरिएकोमा सो स्थगनलाई यथावत् कायम राखी अर्को निर्णय नभएसम्म उक्त परीक्षासँग सम्वन्धित सम्पूर्ण प्रक्रिया तत्काल स्थगित राख्ने निर्णय गरियो।

साथै, असन्तुष्ट सरोकारवाला पक्षसँग आवश्यक संवाद तथा छलफल गरी समस्याको समाधानका लागि आवश्यक निर्णय गर्न रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको संयोजकत्वमा तपसिलवमोजिमको वार्ता समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

**नगरपालिकाको तर्फबाट वार्ता समितिः**

| | | |
|---|---|---|
| १. श्री शंकरलाल चौधरी | नगर प्रमुख | संयोजक |
| २. श्री तारा थापा | नगर उप-प्रमुख | सदस्य |

बैठक संख्या: ५।२०८३-२०८४
बैठक मिति:२०८३।०५।१० विहान ७:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| | | |
|---|---|---|
| ३. श्री घनश्याम चौधरी | वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| ४. श्री सुरेन्द्र सिंह खवास | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| ५. श्री रामभरोसी रौनियार | का.वा. वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| ६. श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | सदस्य |
| ७. श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | सदस्य |

**सहजीकरणका लागि कर्मचारीहरू:**

| | | |
|---|---|---|
| १. श्री विरेन्द्र सिग्देल | आर्थिक प्रशासन शाखा प्रमुख | नि. प्रमुख प्रशासकीय अधिकृत |
| २. श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३. श्री सुमन पौडेल | राजश्व शाखा प्रमुख | |

**निर्णय नं.२(क)**

यस रामधुनी नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण टोल विकास संस्थाहरूसँग आ.व. २०८३/०८४ देखि योजना सम्झौता गरी योजना कार्यान्वयन गर्ने सम्बन्धमा यसअघि कार्यपालिकाबाट निर्णय भएकोमा, आगामी दिनमा योजना सम्झौता गर्दा यस नगरपालिकामा विधिवत् रूपमा टोल विकास संस्था दर्ता गरी अनिवार्य दर्ता प्रमाणपत्र पेश गर्ने टोल विकास संस्थाहरूसँग प्रचलित कानुन तथा नगरपालिकाको नियमानुसार योजना सम्झौता गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो साथै हालसम्म दर्ता नभएका टोल विकास संस्थाहरूलाई यथाशीघ्र दर्ता प्रक्रियामा ल्याउन सम्वन्धित वडा कार्यालयमार्फत आवश्यक पहल तथा सहजीकरण गर्ने निर्णय गरियो ।



CamScanner